नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
# रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाडौं

पत्र संख्या :
चलानी नं. :

फोन: ०१-५२३९११२६ ५३१५२६१

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय रेड कार्यान्वयन केन्द्र बबरमहल, काठमाडौं

तेस्रो पटक प्रकाशन मितिः २०८२/१२/२२

केन्द्र प्रमुख सह-सचिव (प्रा.)

## नवप्रवर्तन (Innovation) कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

रेड (REDD) कार्यान्वयन केन्द्रमार्फत सञ्चालित "समृद्धिका लागि वन" (Forests for Prosperity) परियोजना अन्तर्गत मधेश प्रदेश र लुम्बिनी प्रदेश लगायत सातै प्रदेश अन्तर्गतका प्रदेश र स्थानीय तहका सरकारी निकायहरु, सामुदायिक।साझेदारी वन उपभोक्ता समूह, तथा सम्बद्ध सरोकारवालाहरूबाट वन व्यवस्थापन, उद्यमशीलता र जलवायु अनुकूलनमा आधारित नवप्रवर्तन (Innovation) कार्यक्रम आ. व. २०८२। ०८३ मा सम्पन्न हुने क्रियाकलापहरुको मात्र प्रस्ताव तयार पेश गर्न २०८२।१२।०५ सम्म यस केन्द्रमा आईपुग्ने गरी दोस्रो पटक सुचना प्रकाशन गरिएकोमा तोकिएको मितिसम्म पनि प्रयाप्त प्रस्ताव प्राप्त हुन नआएकोले तेस्रो पटकका लागि २०८२।१२।२३ देखि लागु हुने गरी १५ दिन भित्र यस केन्द्रमा पेश गर्नको लागि पून: आह्वान गरिन्छ।

**प्रस्तावमा खुलाउनु पर्ने न्यूनतम विवरणहरू**

प्रस्तावकले आफ्नो आवेदनमा निम्न बुँदाहरू स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ:

- **क्रियाकलापको नाम**
- **क्रियाकलाप कार्यान्वयनको मूख्य उद्देश्य तथा यसबाट उपलब्ध हुने लाभान्वित क्षेत्र समुदाय घरधुरी तथा प्रभावहरु**
- **प्रस्ताव गरिएको कुल रकमः** रु. .................... (अक्षरमा: ..........................................)
- **नवप्रवर्तन हुनुको कारणः** यो कार्यक्रम किन 'नवप्रवर्तन' (Innovative) हो? यसले विद्यमान कुन समस्यालाई नयाँ ढंगले समाधान गर्छ र यसको विशिष्टता के हो?
- **कार्यान्वयन विधिः** कार्यक्रम कसरी, कहिले र कुन प्रक्रियाबाट सम्पन्न गरिन्छ? (कार्ययोजना र समयतालिका सहित)
- **अपेक्षित प्रतिफलः** यसबाट कति रोजगारी सिर्जना हुन्छ र वातावरण तथा सामाजिक पक्षमा कस्तो सकारात्मक प्रभाव पर्छ?
- **आवश्यक कागजातः** सरकारी निकायहरु बाहेक सामुदायिक वन तथा अन्य कुनै संस्थाहरुले पेश गर्ने भएमा दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN), र अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन सहितको प्रोफाइल विवरण पनि पेश गर्नु पर्नेछ।

**सम्पर्क विवरणः** रेड कार्यान्वयन केन्द्र, बबरमहल, काठमाडौं फोन नं: ०१-५३१५२६१ | इमेल: info@redd.gov.np